# अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्र वितरण निर्देशिका, २०६५

## १. परिचय

अपाङ्गता भएका व्यक्तिहरूको हितको संरक्षण र संवर्द्धन गर्न, तिनका स्वास्थ्य, शिक्षा, रोजगारी, तालिम, पुनर्स्थापना तथा अवसर समानिकरण गराउँदै विकास प्रक्रियाहरूमा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएको सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउन **अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१** को नियम ५ अनुसार **अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्र वितरण निर्देशिका २०६५**, जारी गरिएको छ ।

## २. परिचय-पत्र वितरणका आधार

नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) मार्फत गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण एवं संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षरसमेत गरिसकेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको उद्देश्य, मर्म र भावना यस परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## ३. उद्देश्य

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गर्न, स्थानीय निकायदेखि नै त्यस्ता व्यक्तिहरूको लगत राख्न ।

(ख) नेपाल सरकारले २०६३ सालमा जारी गरेको अपाङ्गसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनामुताविक एवं अपाङ्गसम्बन्धी अन्य प्रचलित नीति तथा कार्ययोजना र नेपाल सरकारको अध्यावधिक विकास योजनाहरूका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइनुपर्ने सेवा सुविधाहरू व्यवस्थित रूपमा प्रदान गर्न ।

(ग) प्रचलित ऐन, नियमअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी उपयुक्त अनुकूलता (Reasonable Accommodation) सहित विकास प्रक्रिया र राज्यका संयन्त्रहरूमा समावेशीकरण गराउन ।

(घ) अपाङ्गताको प्रकृति र मात्राको आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा, सुविधा र अवसरको प्राथमीकरण गर्नु ।

## ४. लक्षित वर्ग

नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) अनुसार निर्धारण गरिएका सात प्रकारका वर्गीकरणमा रहेका सबै अपाङ्गता भएका व्यक्तिहरू (अनुसूची १ अनुसार) ।

## ५. परिचय-पत्र वितरणका मापदण्ड

नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) अनुसार अपाङ्गताको मात्राको आधारमा गरिएको वर्गीकरणलाई मुख्य मापदण्ड बनाई चार समूहका परिचय-पत्रहरू वितरण गरिनेछ जसअनुसारः-

**(क) पूर्ण अशक्त अपाङ्गताः** व्यक्तिको शारीरिक वा मानसिक प्रणालीहरूमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु तथा आफै हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई 'क' वर्गको अपाङ्गताको परिचय-पत्र वितरण गरिनेछ ।

❖ यो रातो रङ्गमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**(ख) अति अशक्त अपाङ्गताः** निरन्तर अरूको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षघात भई वा मांसपेशी विचलन भई वा मस्तिष्क पक्षघात भई कम्मरभन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरामुनिको अङ्ग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिको अङ्ग नभएको वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टिविहीन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन सम्पादन आफै गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरूलाई 'ख' वर्गको परिचय-पत्र उपलब्ध गराइनेछ ।

❖ यो निलो रङ्गमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**(ग) मध्यम अपाङ्गताः** कृत्रिम अङ्गहरूको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफै गर्न सक्ने, पोलियो भई घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको, स्वतन्त्र रूपले हिँडडुल गर्नसक्ने शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला नभएका तथा कुर्कुच्चाभन्दा मुनिको भाग नभएका, मेरुदण्ड समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्नसक्ने सुस्तश्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नसक्ने व्यक्तिहरू, तीव्र भकभके व्यक्तिहरू, तीन फिटमुनिका पुड्का व्यक्तिहरू, चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहीन व्यक्तिहरू, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू समूह 'ग' का अपाङ्गता वर्गमा पर्दछन् ।

❖ यो पहेलो रङ्गमा निलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**(घ) सामान्य अपाङ्गताः**

शारीरिक अङ्गहरूमा सामान्य विचलन भएतापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्नसक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरू, हत्केलामुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला भएका, खुट्टाको औंलाका भागहरू नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाइ गर्न कठिनाइ हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू 'घ' वर्गमा पर्दछन् ।

❖ यो सेतो रङ्गमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

## ६. अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्रको ढाँचा

परिचय-पत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने एवं निजलाई सरकारी तथा गैरसरकारी निकायहरूबाट उपलब्ध गराइएका सेवा- सुविधा उपभोगका अभिलेखहरू एवं उपलब्ध अवसरको उपभोग गरिएका अभिलेखहरूसमेत स्पष्ट हुने गरी पासपोर्टको ढाँचामा अनुसूची ३ मा उल्लेख भएअनुसारको २० पृष्ठको परिचय-पत्र चार फरक रङ्गमा उपलब्ध गराइनेछ ।

## ७. परिचय-पत्र वितरण प्रक्रिया

(क) सम्बन्धित गा.वि.स. वा नगरपालिकामार्फत समाजकल्याण अधिकृतलाई परिचय-पत्रको लागि अपाङ्गता भएका व्यक्ति स्वयम् वा निजका अभिभावक/संरक्षकले अनुसूची २ बमोजिम निवेदन दिनुपर्नेछ ।

(ख) सम्बन्धित गा.वि.स./न.पा.ले स्पष्ट नदेखिने अपाङ्गताको हकमा स्थानीय निकायको सिफारिससहित समाजकल्याण अधिकृतसमक्ष पठाउनु पर्नेछ ।

(ग) दरखास्तमा आफ्नो उमेर अपाङ्गता खुलेको लिखित प्रमाणित नक्कल, असक्तताको गम्भीरताका आधारमा स्थायी रूपले काम गर्न सक्षम नभएको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्र, जग्गा धनी प्रमाणपुर्जा, विद्यालयको प्रमाण-पत्र, जि.प्र.का.मा दर्ता भएका अपाङ्गसम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिसमध्ये कुनै एक वा यस्तै अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ ।

(घ) परिचय-पत्र सिफारिश समिति

परिचय-पत्रको लागि पर्न आएका निवेदनहरू छानविन गरी समाजकल्याण अधिकृतसमक्ष सिफारिस गर्न निम्नबमोजिम एक परिचयपत्र सिफारिस समिति रहनेछ :-

१) संयोजक - सहायक प्रमुख जिल्ला अधिकारी
२) सदस्य - योजना अधिकृत, जिल्ला विकास समिति
३) सदस्य - जिल्ला जनस्वास्थ्य अधिकृत
४) सदस्य - राष्ट्रिय अपाङ्ग महासंघ- नेपालमा आबद्ध संघ-संस्थाको प्रतिनिधि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि
५) सदस्य-सचिव- महिला विकास अधिकृत

(ङ) समितिको बैठक आवश्यकताअनुसार समाजकल्याण अधिकृतले बोलाउन सक्नेछ तर यस्तो बैठक वर्षमा कम्तीमा ६ पटक बस्नुपर्नेछ ।

(च) प्रत्यक्ष रूपमा अपाङ्गता देखिने अपाङ्गता भएका व्यक्तिहरू, जस्तै अङ्गभङ्ग भएका, पूर्ण दृष्टिविहीन, पूर्ण अशक्त अपाङ्ग, अति अशक्त बौद्धिक अपाङ्ग (सुस्त मनस्थिति) र अतिअशक्त बहिरा आदिलाई परिचयपत्र वितरण गर्न समितिले अनुमोदन मात्र गर्ने गरी परिचय-पत्र बैठक अगाडि तत्काल नै दिन सकिनेछ ।

MoWCSW

(छ) गाउँघरमा रहेका माथि (ङ) अनुसारका अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय-पत्र उपलब्ध गराउन गा.वि.स.बाट सिफारिस गराई समाजकल्याण अधिकृतले अभिभावक वा संरक्षकको रोहवरमा सोझै उपलब्ध गराउन सकिने र नदेखिने खालको वा अपाङ्गता मात्राको आधारमा चिकित्सकको सिफारिस लिनुपर्ने भएमा समितिले निर्णय गरेर परिचय-पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ज) सामान्यतया परिचय-पत्र अपाङ्गता भएका व्यक्ति स्वयं उपस्थित भई बुझेर लानु पर्नेछ । तर पूर्ण अशक्त अपाङ्गता भएको कारणले आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो अवस्थाको विवरण र जिल्लास्थित अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संस्थाको सिफारिससहित आएमा निजको संरक्षक वा अभिभावकले बुझेर लान सक्नेछ ।

(झ) दुर्गम गाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई गा.वि.स.को समन्वयमा घुम्तीटोली खटाई वा समाजकल्याण अधिकृतको उपस्थिति गराई यथास्थानमै परिचय-पत्र वितरण गराउने । यसरी यथास्थानमै परिचय-पत्र वितरण गराउँदा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, महिला विकास अधिकृत, जनस्वास्थ्य कार्यालयको प्रतिनिधि, स्थानीय विद्यालयको शिक्षक प्रतिनिधि र स्वावलम्बी संस्थाको प्रतिनिधिसमेत उपस्थिति गराई गा.वि.स.ले समन्वय गर्नुपर्ने ।

(ञ) परिचय-पत्र प्राप्त गर्न योग्य व्यक्तिहरूबाट प्रतिव्यक्ति तीन प्रति (सम्भव भएसम्म अपाङ्गता स्पष्ट देखिने) फोटो सङ्कलन गरी सम्बन्धित गा.वि.स./न.पा. मा एक प्रति र महिला विकास कार्यालयमा एक प्रति, समाजकल्याण अधिकृतको कार्यालयमा एक प्रति राख्नु पर्नेछ ।

(ट) परिचय-पत्र प्राप्त व्यक्तिहरूको लगत अनुसूची ४ बमोजिमको ढाँचामा वा तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी समाजकल्याण अधिकृतको कार्यालय र महिला विकास कार्यालमा राखी अर्धवार्षिक रूपमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ठ) समाजकल्याण अधिकृतको कार्यालयले अनुसूची ३ बमोजिमको परिचय-पत्र (अपाङ्गता भएका व्यक्तिहरूलाई) निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ड) परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा न.पा./गा.वि.स.को सिफारिससहित अपाङ्गता परिचय-पत्र सिफारिस समितिमा पेस गर्नुपर्ने छ ।

**८. विविध**

(क) परिचय-पत्र सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक अन्य विषयमा मन्त्रालयले दिएको निर्देशनको अधीनमा रही समाजकल्याण अधिकृत र महिला विकास अधिकृतले काम गर्नुपर्नेछ ।

(ग) परिचय-पत्र वितरणको अनुगमन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिले गर्नेछ ।

(घ) यो निर्देशिका लागू हुनुअगाडि प्राप्त अपाङ्गता परिचयपत्र सम्बन्धित निकायमा बुझाई यस निर्देशिका बमोजिमको परिचयपत्र लिनुपर्नेछ ।

(ङ) अपाङ्ग परिचय-पत्र वितरण निर्देशिका, २०५७ खारेज गरिएको छ ।

अनुसूची १

# अपाङ्गताको परिभाषा तथा वर्गीकरण, २०६३

१. **अपाङ्गताको परिभाषा:** शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।

२. **अपाङ्गताको वर्गीकरण:** शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृतिअनुसार अपाङ्गतालाई निम्नबमोजिम सात प्रकारमा वर्गीकरण गरिएको छ ।

२.१. **शारीरिक अपाङ्गता:** स्नायु, मांसपेशी र जोर्नीहरू तथा हड्डीको बनावट एवं सञ्चालन कार्यहरूमा भएको समस्याका कारणबाट व्यक्तिमा शारीरिक अङ्गहरूको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या शारीरिक अपाङ्गता हो । जस्तैः बाल पक्षघात (पोलियो), मष्तिस्क पक्षघात (Cerebral Palsy), शारीरिक अङ्गविहीन, कुष्ठरोग, मांसपेशी विचलन (Muscular Dystrophy), जोर्नी र मेरुदण्डसम्बन्धी स्थायी समस्या, क्लब फिट (पैताला फर्केको), रिकेट्स, हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादि शारीरिक अपाङ्गता हो । होचा-पुड्काहरू (WHO को परिभाषा अनुसार) पनि यस वर्गीकरणमा पर्दछन् ।

२.२. **दृष्टिसम्बन्धी अपाङ्गता:** दृष्टिसम्बन्धी समस्याका कारणबाट व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने स्थिति दृष्टिसम्बन्धी अपाङ्गता हो । यो दुई प्रकारको हुन्छ ।

**क) दृष्टिविहीनता (Blind):** कुनै व्यक्ति औषधि, शल्यचिकित्सा तथा चस्मा प्रयोगजस्ता उपचारबाट पनि दुवै आँखाले हातको औंला १० फिटको दूरीबाट छुट्याउन सक्दैन अर्थात स्नेलेन (Snellen) चार्टको पहिलो लाइनको अक्षर (३/६०) पढ्न सक्दैन भने त्यस्तो व्यक्ति दृष्टिविहीन हो ।

**ख) न्यून दृष्टियुक्त (Low Vision):** कुनै व्यक्तिको औषधि, शल्यचिकित्सा तथा चस्मा प्रयोगजस्ता उपचारबाट पनि २० फिटको दूरीबाट हातको औंला छुट्याउन सक्दैन अर्थात स्नेलेन (Snellen) चार्टको चौथो लाइनको अक्षर (६/१८) पढ्न सक्दैन भने त्यस्तो व्यक्ति न्यून दृष्टियुक्त हो ।

२.३. **सुनाइसम्बन्धी अपाङ्गता:** सुनाइका अङ्गहरूको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव र स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाइसम्बन्धी अपाङ्गता हो । यो दुई प्रकारको हुन्छ ।

२.३.१. **बहिरा (Deaf):** नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति बहिरा हो । ८० डेसिबल (80 db) भन्दामाथिको ध्वनि पनि सुन्न नसक्ने व्यक्तिलाई बहिरा भनिन्छ ।

२.३.२. **सुस्तश्रवण (Hard of Hearing):** कान कम मात्र सुन्ने तर कम सुनेर सफासँग बोल्न सक्ने, थोरै मात्र बोल्नसक्ने, सुन्नलाई कानमा श्रवण यन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण हो । ६५ डेसिबलदेखि ८० डेसिबलसम्मको ध्वनिसुन्न सक्ने व्यक्तिलाई सुस्त श्रवण भनिन्छ ।

२.४. **श्रवण दृष्टिविहीन (deaf blind):** श्रवण र दृष्टिविहीनता दुवै भएको व्यक्ति श्रवण दृष्टिविहीन (deaf blind) अपाङ्ग मानिनेछ ।

२.५. **स्वर र बोलाइसम्बन्धी अपाङ्गता:** स्वर र बोलाइसम्बन्धी अङ्गहरूमा उत्पन्न अप्ठेरोको कारण तथा बोल्दा स्वरको उतारचढावमा कठिनाइ, बोली स्पष्ट नहुनु, बोल्दा शब्द वा अक्षर दोहोरिनु स्वर र बोलाइसम्बन्धी अपाङ्गता हो ।

२.६. **मानसिक अपाङ्गता:** मस्तिष्क र मानसिक अङ्गहरूमा आएको समस्या तथा सचेतन, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्यसम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न नसक्नु तथा बौद्धिक सिकाइमा ढिलो हुनुलाई मानसिक अपाङ्गता मानिनेछ । यो निम्न तीन प्रकारको हुन्छ:

२.६.१. **बौद्धिक अपाङ्गता/सुस्त मनस्थिति:** १८ वर्षको उमेरअगावै बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणसापेक्ष क्रियाकलापहरू गर्न कठिनाइ हुने व्यक्तिलाई बौद्धिक अपाङ्ग/सुस्त मनस्थिति मानिनेछ ।

२.६.२. **मानसिक अस्वस्थता (Mental Illness):** मानसिक अस्वस्थता वा कमीकमजोरी वा विकृतिको कारण दैनिक जीवनयापन गर्न कठिनाइ हुने अशक्ततालाई मानसिक अस्वस्थता मानिनेछ ।

२.६.३. **अटिज्म (Autism):** जन्मजात रूपमा कुनै व्यक्तिको उमेरको विकाससँगै सामान्य व्यवहार नदेखिनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्नुलाई अटिज्म मानिनेछ।

२.७. **बहुअपाङ्गताः** माथि उल्लिखितमध्ये एउटै व्यक्तिमा दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्यालाई बहुअपाङ्गता मानिनेछ।

**३. अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरणः**

**क)** **पूर्ण अशक्त अपाङ्गताः** दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थालाई पूर्ण अशक्त अपाङ्गता मानिनेछ।

**ख)** **अति अशक्त अपाङ्गता**: वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने स्थितिलाई अति अशक्त अपाङ्गता मानिनेछ।

**ग)** **मध्यम अपाङ्गताः** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरूको सहयोग लिएर वा नलिईकन नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुनसक्ने अवस्थालाई मध्यम अपाङ्गता मानिनेछ।

**घ)** **सामान्य अपाङ्गताः** सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफैं नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुनसक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिनेछ।

**४. खारेजीः** अपाङ्गपन निर्धारण (परिभाषा), २०५६ खारेज गरिएको छ।

**द्रष्टव्यः**

१. "व्यक्तिको शारीरिक अङ्गहरूको बनोट र कार्यहरू" भन्नाले शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यहरूलाई जनाउनेछ।

२. "नियमित दिनचर्याको कार्यहरू र सामाजिक जीवनक्षेत्रमा सहभागिता" भन्नाले व्यक्तिको सिकाइ, दैनिक कामहरू, सञ्चार, चलफिर, स्वयम् हेरचाह, घरेलु जीवन, अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू र सहभागितालाई जनाउँछ।

३. "विद्यमान सामाजिक एवं भौतिक वातावरणबाट सिर्जित अवरोध" भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानवनिर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ।

४. सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि सुस्त मनस्थिति र पूर्ण अशक्तता भएका अपाङ्गका हकमा आमाबाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई अभिभावक वा सरोकारवाला मानिनेछ।

५. अशक्तताको आधारमा गरिएको वर्गीकरणलाई निर्देशिकामा स्पष्ट पारिनेछ।

६. यससम्बन्धी अन्य कुराको हकमा प्रचलित ऐन, नियमबमोजिम हुनेछ।

MoWCSW

अनुसूची २

# अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र आवेदन फारम

फोटो

मितिः

श्री समाजकल्याण अधिकृतज्यू
मार्फत ...................... गा.वि.स. ⁄ न.पा.

## विषयः अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र पाऊँ

महोदय,

म निम्नलिखित कारणले अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र पाउन योग्य भएकोले सो आधारमा उक्त परिचय-पत्र पाउन अनुरोध गर्दछु। मैले पेश गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा मेरो परिचय-पत्र रद्ध गरेमा वा भविष्यमा समेत परिचय-पत्र नपाउने गरी अयोग्य ठहऱ्याएमा वा प्रचलित कानूनबमोजिम अन्य सजाय भोग्न मञ्जुर छु।

१) नाम थर..........................................उमेर...........लिङ्ग............

२) ठेगानाः

क) स्थायी ठेगानाः नगरपालिका ⁄ गा.वि.स..................................... वडा नं................टोल....................................................

ख) अस्थायी ठेगानाः नगरपालिका ⁄ गा.वि.स.................................. वडा नं................टोल....................................................

ग) सम्पर्क टेलिफोन वा मोबाइल नम्बर.......................................

३) संरक्षक ⁄ अभिभावकको नाम थर..................................................
निवेदकको नाता..................................................

४) संरक्षक ⁄ अभिभावकको टेलिफोन वा मोबाइल नम्बर...........................

५) नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार
....................................................................................................

६) नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार मात्राको आधारमा अपाङ्गताको प्रकार..................................................................

७) अपाङ्गपन भएको शरीरको अङ्ग वा भागको नाम................................

८) अपाङ्गपन भएपछि सो भाग वा अङ्गको अवस्था ................................
....................................................................................................

९) अपाङ्गताको कारण (उपयुक्त स्थानमा √ चिनो लगाउनुहोस्)
क) रोगको दीर्घ असर    ख) दुर्घटना    ग) जन्मजात
घ) सशस्त्र द्वन्द्व    ङ) वंशाणुगत    च) अन्य................

१०) अपाङ्गता भएपछि शारीरिक रूपमा देखापरेका समस्या वा अप्ठेरो ..........
....................................................................................................

११) सहायक सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको (उपयुक्त स्थानमा √ चिनो लगाउनुहोस् )
क) भएको ख) नभएको

१२) आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ?
....................................................................................................

MOWCSW

१३) सहायक सामग्रीको प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा √ चिनो लगाउनुहोस् )

क) गर्ने गरेको   ख) गर्ने नगरेको

१४) सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम …………………

……………………………………………………

१५) अन्य व्यक्तिको सहाराविनानै आफ्ना कस्ताकस्ता प्रकारका दैनिक कार्य गर्न सक्नुहुन्छ ?

क) ……………………………………………………

ख) ……………………………………………………

ग) ……………………………………………………

घ) ……………………………………………………

ङ) ……………………………………………………

च) ……………………………………………………

१६) अन्य व्यक्तिको सहारा लिनुहुन्छ भने कुनकुन कामको लागि लिनुहुन्छ ?

क) ……………………………………………………

ख) ……………………………………………………

ग) ……………………………………………………

घ) ……………………………………………………

ङ) ……………………………………………………

च) ……………………………………………………

१७) पछिल्लो शैक्षिक योग्यता (उपयुक्त स्थानमा √ चिनो लगाउनुहोस् )

क) निरक्षर   ख) साक्षर   ग) प्राथमिक तह

घ) निम्न माध्यमिक तह   ङ) माध्यमिक तह

च) उच्च माध्यमिक तह   छ) स्नातक तह

ज) स्नातकोत्तर तह   (झ) विद्यावारिधि तह

१८) कुनै तालिम प्राप्त गर्नुभएको भए:-

क) ……………………………………………………

ख) ……………………………………………………

ग) ……………………………………………………

घ) ……………………………………………………

१९) हालको पेसा:-

क) अध्ययन   ख) खेती किसानी   ग) स्वरोजगार

घ) शीप सृजना   ङ) अध्यापन   च) सरकारी नोकरी

छ) निजी क्षेत्रमा नोकरी   ज) केही नगरेको

झ) अन्य…………………………

निवेदक

नाम………………………………

……………………………

दस्तखत

MoWCSW

अनुसूची ३

(निर्देशिका नं. ६ सँग सम्बन्धित)

नेपाल सरकार

## महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

..................................................

परिचयपत्र नम्बरः-

निशाना छाप

फोटो

### अपाङ्गता परिचय-पत्र

(अपाङ्ग संरक्षण तथा कल्याण नियमावली,
२०५१ को नियम ५ अनुसार)

१) नाम, थरः-

२) ठेगानाः क) स्थायीः-

ख) अस्थायीः-

३) जन्ममितिः-

४) नागरिकता नम्बरः-

५) लिङ्गः- पुरुष/महिला/अन्य

६) विवाहित/अविवाहितः-

७) शैक्षिक योग्यताः-

८) पेशाः-

९) अपाङ्गताको किसिमः-

१०) बाबु/आमा वा संरक्षकको नाम, थरः-

११) ठेगानाः-

१२) अपाङ्गता भएको व्यक्तिसँगको नाताः-

१३) अपाङ्गता भएका (सम्बन्धित व्यक्ति) को दस्तखतः-

| दायाँ | बायाँ |
|---|---|
| | |

१४) परिचय प्रदान गर्ने अधिकारीकोः

दस्तखतः-

नाम, थरः-

पदः समाजकल्याण अधिकृत

कार्यालयः-

जिल्लाः-

मितिः-

१५) परिचयपत्र वाहकले प्राप्त गरेको सेवा सुविधाः-

MOWCSW

१६) प्राप्त सेवा, सुविधाको विवरणः-

१७) सेवा, सुविधा प्रदान गर्ने निकायः-

१८) सेवा, सुविधा प्राप्त मितिः-

१९) सेवा प्रदायकको हस्ताक्षरः-

**द्रष्टव्यः-**

१. यो परिचय-पत्र सुरक्षित राख्नुपर्नेछ ।

२. यो परिचय-पत्र कसैले पाएमा कुनै पनि महिला विकास कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा बुझाइ दिनुहोला ।

MoWCSW

अनुसूची ४

**केन्द्रमा र जिल्लास्थित कार्यालयमा राखिने रेकर्ड**
**निर्देशिका नं. ७ (ट) सँग सम्बन्धित**

क्रम संख्याः-
परिचयपत्र नम्बरः-

१) नाम, थरः-
२) ठेगानाः क) स्थायीः-
ख) अस्थायीः-
३) जन्ममितिः-
४) नागरिकता नम्बरः-
५) लिङ्गः- पुरुष/महिला/अन्य
६) विवाहित/अविवाहितः-
७) शैक्षिक योग्यताः-
८) पेशाः-
९) अपाङ्गताको किसिमः-
१०) बाबु/आमा वा संरक्षकको नाम, थरः-
११) ठेगानाः-
१२) अपाङ्गता भएको व्यक्तिसँगको नाताः-
१३) अपाङ्गता भएका (सम्बन्धित व्यक्ति) को दस्तखतः-

| दायाँ | बायाँ |
|---|---|
| | |

१४) परिचय प्रदान गर्ने अधिकारीकोः
दस्तखतः-
नाम, थरः-
पदः समाजकल्याण अधिकृत
कार्यालयः-
जिल्लाः-
मितिः-
१५. परिचय-पत्र वाहकले प्राप्त गरेका सेवा, सुविधाः-
१६. प्राप्त सेवा सुविधाको विवरणः-
१७. सेवा, सुविधा प्रदान गर्ने निकायः-
१८. सेवा, सुविधा प्राप्त मितिः-

MoWCSW